जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.वि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक २२९ २०७९ साल बैशाख १ गते बिहीबार (14 Apr. 2022 Thursday) मूल्य रु. ५/-

उद्योग, व्यवसाय गरौं र आत्मनिर्भर बनौं।

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौं र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मनिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : स्वीकृति नलिई प्रकाशन भएका... ३ पृष्ठमा : व्यक्तिगत श्रम स्वीकृतिमा ... ३ पृष्ठमा :दुई तिहाइ सुडानी खाद्य...

# किर्ते गरी गोप्य ढंगले जिल्ला फुटवल संघको निर्वाचन गर्न लागिएको आरोप




**दैनिक समाचारदाता**
**राजविराज, ३० चैत ।**

जिल्ला फुटवल संघ सप्तरीमा आवद्ध एक दर्जन फुटवल संघसंस्थाहरुले नेतृत्वमाथी किर्ते गरी निर्वाचन गराउन लागेको आरोप लगाएको छ। बुधवार ती संस्थाहरुले पत्रकार सम्मेलनको आयोजना गरी सो आरोप लगाएका हुन्।

संघमा आवद्ध जनज्योति युवा क्लब, प्रोग्रेसिभ युवा क्लब, युवा खेलकुद मंच, हिरोज स्पोटिंग क्लब, क्रिएटिभ युवा क्लब, नमोबुध युवा क्लब, हिमालय क्लब लगायतका क्लबका पदाधिकारीले किर्ते गरी गोप्य ढंगले गराउन लागीएको संघको निर्वाचन रोक्न र सो को छानवीन माग समते गरेका छन।

संघले किर्ते गरी तयार पारिएको मतदाता नामावलीको आधारमा २०७९ बैशाख १ गते निर्वाचन गराउन लागेको खबर पाएका छौं, पत्रकार सम्मेलनमा जनज्योती क्लबका सचिव नवराज अधिकारीले भने"आफ्नो अनुकुल नेतृत्व ल्याउन अबैध र गोप्य ढंगले गर्न लागिएको निर्वाचन कुनै पनि हालतमा स्किार्य छैन।

उनले क्लबको पुर्ण बैठकबाट निर्णय गरी मताधिकारका लागी संघमा बुझाएको मतदाताको नाम परिवर्तन गरी अध्यक्ष देवेन्द्रमान सिंह वस्नेतले आफु खुशी नाम परिवर्तन गरी मतदाता नामावली तयार पारेको दाबी गर्दै प्रमाणका रुपमा संघद्वारा तयार पारिएको मतदाता नामावली र आफ्नो क्लबले निर्णय गरी पठाएको व्यक्तीको नाम र

***बाँकी तीन पृष्ठमा***

## हार्दिक शुभकामना

**नव वर्ष २०७९ को सुखद अवसरमा समस्त ग्राहकवर्ग, बिज्ञापनदाता, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**राजविराज दैनिक**
**परिवार**

## हार्दिक शुभकामना

**नयाँ वर्ष २०७९ को सुखद अवसरमा सम्पूर्ण गाउँपालिकावासी एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**अरबिन्द कुमार चौधरी**
**प्रमुख प्रशासकीय अधिकृत**


**रुपनी गाउँपालिका, परिवार**

## हार्दिक शुभकामना

**नयाँ वर्ष २०७९ को सुखद अवसरमा सम्पूर्ण गाउँपालिकावासी एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।**

**श्यामसुन्दर यादव**
**लेखा अधिकृत**

**रुपनी गाउँपालिका, परिवार**



## सम्पादकीय

# नयाँ वर्षमा नयाँ सोच र संकल्पका साथ अघि बढौं

बिक्रम सम्वत् २०७९ साल आज प्रवेश गरिसकेको छ। समयचक्र सँगै आजदेखि पुनः हामी नयाँ बर्षमा प्रवेश गरेका छौं । विगतका दुई वर्ष कोरोना महामारीका कारण नयाँ वर्ष खल्लो भएको थियो । यद्दपी यस वर्षको सुरुवात सँगै स्थानिय तह निर्वाचनको सरगर्मी समेत बढेर जाँदा नयाँ वर्षमा रौनक छाएको छ ।

नयाँ वर्षसँगै चुनावी माहौलले मुलुकमा कोरोना महामारीको त्रासलाई बिर्सन मद्दत गरेको छ । नयाँ वर्षमा जनताले आफ्नो अधिकारलाई सुनिश्चित गर्ने मौका पनि पाएको छ। यही बैशाख ३० गते हुने स्थानिय तह निर्वाचनमा नयाँ जनप्रतिनिधिलाई चुनिने छ। विगत पाँच वर्षदेखी स्थानिय तहमा गरिएको कामको लेखाजोखालाई मध्य नजर गर्दै यसपटक नयाँ सोच र नयाँ संकल्पका साथ जनताले नयाँ जनप्रतिनिधि चयन गर्ने चुक्ने छैनन् । पाँच वर्षको अन्तरालमा जनताले पाउने अहम जिम्मेवारी यस पटक नयाँ जोश र जागरका साथ निभाउनेमा सबै विश्वस्त हुनुपर्छ ।

नव बर्ष २०७९ ले मुलुकको राजनीतिक अवस्थामा स्थिरता छाओस् भन्ने शुभकामनासहित सम्पूर्ण पाठक, बिज्ञापनदाता, शुभचिन्तक, जिल्लाबासी एवं देशबासीमा सुस्वास्थ्य, दिर्घायु, सुख, शान्ति एवं उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं । यसबाहेक कोरोना त्रासका कारण मुलुकको अर्थतन्त्र खस्केको बेला नयाँ वर्षमा अर्थतन्त्र सुध्रिने आशा समेत व्यक्त गर्दछौं ।

# स्वीकृति नलिई प्रकाशन भएका पात्रो, भित्तेपात्रोलाई स्पष्टीकरण सोधिने

काठमाडौं, ३० चैत (रासस) ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले स्वीकृति नलिई प्रकाशन भएका पात्रो (पञ्चाङ्ग) र भित्तेपात्रो (क्यालेन्डर) लाई स्पष्टीकरण सोध्ने भएको छ ।

समितिको बैठकले पहिलो पटक मौखिक रूपमा स्पष्टीकरण सोध्ने निर्णय गरेको कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले जानकारी दिनुभयो । मन्त्रिपरिषद् बैठकले २०७७ पुस २० गते स्वीकृत गरेको गठन आदेशको दफा ७ को उपदफा (ञ) र (ठ) अनुसार स्वीकृत नलिई पात्रो र भित्तेपात्रो प्रकाशन गर्न नपाइने व्यवस्था छ । स्वीकृति नलिई प्रकाशन भएमा कारबाही गरिने सूचना समितिले पात्रोमार्फत प्रकाशन गरेको छ ।

समितिको स्वीकृति नलिई यस वर्ष तीन पात्रो प्रकाशन भएका छन् । नेपाल, मुक्तिनाथ र ज्वाला पञ्चाङ्ग समितिको स्वीकृति नलिई प्रकाशन भएका हुन् । यसैगरी हालसम्म नौ भित्तेपात्रो समितिको स्वीकृति नलिई प्रकाशन भएको पाइएको अनुगमन उपसमितिका सदस्य खिलहरि घिमिरेले बताउनुभयो ।

समितिका स्वीकृति नलिई प्रकाशन हुने भित्तेपात्रोमा गोरखा उद्योग वाणिज्य सङ्घ गोरखा, हेल्पिङ सोसाइटी बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं महानगरपालिका- २५ टेङ्गाल, अर्थ वृद्धि बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड न्युरोड, काठमाडौं, सत्यदेवी साउन्ड सिस्टम सर्भिस नीलकण्ठ नगरपालिका-३ धादिङ, तिमल्सिना समाज केन्द्रीय कार्यालय काठमाडौं, धनप्राप्ति बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, न्युरोड, काठमाडौं, स्वर्णिम भविष्य बचत तथा ऋण सहकारी संस्था लिमिटेड, टोखा नगरपालिका-७, धापासी, काठमाडौं, नोक्पिन हाउस, न्युरोड, काठमाडौं र कृष्ण मोहना गौशाला सुदूरपश्चिम प्रदेशले समितिको गठन आदेश विपरीती स्वीकृति नलिई भित्तेपात्रो प्रकाशन गरेको पाइएको घिमिरेले जानकारी दिनुभयो ।

पहिलो चरणको अनुगमनमा तीन पात्रो र नौ भित्तेपात्रो स्वीकृति नलिई प्रकाशन भएको तथ्य अनुगमन उपसमितिले फेला पारेको हो । अनुगमन अहिले पनि जारी छ। अनुगमनपछि स्वीकृति नलिई प्रकाशन भएका अरू पात्रो र भित्तेपात्रोको सूची सार्वजनिक गरिने समितिले जनाएको छ ।

समितिसँग स्वीकृति लिएर हालसम्म १४ पात्रो र ८०० भन्दा बढी भित्तेपात्रो प्रकाशन भएका छन् । हाल दैनिक ५० भन्दा बढी भित्तेपात्रोले समितिसँग स्वीकृति लिएका छन् । राजधानी बाहिरबाट प्रकाशन हुने पात्रो र भित्तेपात्रोले अनलाइनबाटै स्वीकृति लिन सक्ने व्यवस्था गरिएको छ ।

# निर्वाचन आयोगलाई निर्देशिका सच्याउन डा देउवाको आग्रह

काठमाडौं, ३० चैत (रासस) ।

नेपाली कांग्रेसकी नेत्री डा आरजु राणा देउवाले निर्वाचन आयोगलाई स्थानीय तहको निर्वाचनमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलालाई उम्मेदवारको व्यवस्था गर्न आग्रह गर्नुभएको छ ।


नेपालको संविधानको धारा, ३८ (४)लाई कुल्चने अधिकार निर्वाचन आयोगलाई नरहेको अवगत गराउँदै निर्वाचन आयोगले उम्मेदवारीका विषयमा हालै गरेको निर्णय सच्याउन डा देउवाले आग्रह गर्नुभएको हो ।

निर्वाचन आयोगले यही चैत २२ गते राजनीतिक दलहरूलाई निर्वाचन लैङ्गिक समावेशी बनाउने सन्दर्भमा दिएको निर्देशनमा स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पदमध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिन राजनीतिक दलले उम्मेदवार मनोनयनमा महिलालाई प्राथमिकता दिने व्यवस्था गरेको थियो । तर यो निर्देशनको व्यवस्था नेपालको संविधानको धारा, ३८(४) विपरीत रहेको भन्दै नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डा देउवाले यस्तो प्रावधान सच्याउन निर्वाचन आयोगलाई आग्रह गर्नुभएको हो ।


नेपालको संविधान २०७२ को धारा, ३८ (४) मा राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तका आधारमा सहभागी हुने हक हुनेछ भनिएको छ । निर्वाचन आयोगको यो पछिल्लो निर्देशनले संविधानको भावनाको प्रतिनिधित्व नगर्ने भन्दै यो निर्देशिकालाई सच्याई समानुपातिक समावेशी सिद्धान्तका आधारमा महिलालाई उम्मेदवारीको व्यवस्था गर्न डा देउवाले निर्वाचन आयोगलाई अपिल गर्नुभएको हो ।

डा देउवाले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "नेपालको संविधानको धारा, ३८(४) लाई कुल्चने अधिकार निर्वाचन आयोगलाई नरहेकोबारे निर्वाचन आयोगलाई अवगत गराउँदै प्रमुख निर्वाचन आयुक्तज्यू र निर्वाचन आयोगका अन्य सदस्यज्यूहरूलाई नेपालको संविधानलाई उच्च सम्मान गर्दै यो निर्णय सच्याउन हुन हार्दिक अनुरोध गर्दछु ।"


## हार्दिक शुभकामना



नयाँ वर्ष २०७९ को सुखद अवसरमा सम्पूर्ण शेयर सदस्य, ग्राहक, शुभचिन्तक एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।



**विश्वनाथ मण्डल**

अध्यक्ष एवं

**जन ज्योति कृषि सहकारी संस्था लि.**

**राजविराज ९, मलेठ, सप्तरी**


# बैंकिङ कसुर मुद्दाका फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजबिराज, ३० चैत ।**

बैकिङ्ग कसुर मुद्दामा प्रहरीले एक जनालाई पक्राउ गरेको छ । सोभित नायकको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी जिल्ला सप्तरी साबिक रायपुर गाबिस वडा नं. ८ हाल रुपनी गाउँपालिका २ घर भई हाल काठमाण्डौ महानगरपालिका वडा नं.९ गौशला बस्ने ३५ वर्षिय ईन्द्रनारायण साहलाई प्रहरीले पक्राउ गरेको छ ।

बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनको संयुक्त ईजलासको मिति २०७७ साल चैत ४ गते भएको फैसलाले २ दिन कैद र ४ लाख ४८ हजार जरिवाना तोकीएको थियो ।

फैसला आएलगतै उनी फरार भएका थिए । प्रहरीले प्रतिवादीलाई खोजतलास गर्दै जाँदा २०७८ चैत ३० गते गाउँ घरमै लुकिछिपी बसेको अवस्थामा पक्राउ गरेको जनाएको छ ।

यता उनलाई बुधबार सप्तरी जिल्ला अदालतमा उपस्थित गराएर कैद भुक्तानका लागी कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता - रुपनी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, रुपनी, सप्तरी**


**डा. सरोज कुमार साह**

**Dr. Saroj Kumar Sah**

MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288

**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. ललन प्रसाद रौनियार**

**Dr. Lalan Prasad Rauniyar**

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**

**Dr. Kali Prasad Yadav**

MBBS, MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**

**Dr. Jayanti Yadav**

M.B.B.S. MD (Obstetrician and Gynaecologist)

हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312

**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**

बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# व्यक्तिगत श्रम स्वीकृतिमा विदेश जानेले अनिवार्य स्वघोषणा गर्नुपर्ने

काठमाडौँ, ३० चैत (रासस)।

व्यक्तिगत श्रम स्वीकृति लिएर बैदेशिक रोजगारीमा जाने व्यक्तिले बिहीबारदेखि स्वघोषणापत्र अनिवार्यरूपमा भर्नुपर्ने भएको छ।

भिजिट भिसा तथा व्यक्तिगत श्रम स्वीकृतिमा जाने अधिकांश नेपाली विदेशमा अलपत्र पर्न थालेपछि सरकारले स्वघोषणापत्र अनिवार्यरूपमा भर्नुपर्ने व्यवस्था गरेको हो।

बैदेशिक रोजगारीका नाममा भिजिट भिसा र व्यक्तिगत श्रम स्वीकृति लिएर गएका व्यक्ति अलपत्र पर्ने, ठगिने, सरकारले तोकेकोभन्दा बढी शुल्क तिर्न बाध्य पारिनेजस्ता प्रवृत्ति देखिएपछि स्वघोषणापत्र भर्नुपर्ने व्यवस्था गरिएको वैदेशिक रोजगार विभागले जनाएको छ।

वैदेशिक रोजगारीमा व्यक्तिगतरूपमा जाने श्रमिकले श्रम स्वीकृति लिँदा नै त्यस्तो स्वघोषणापत्र भर्नुपर्ने छ। विभागले 'व्यक्तिगत श्रम स्वीकृति लिने प्रक्रियासम्बन्धी निर्देशिका-२०६९' अनुसार सो व्यवस्था लागू गरेको हो। व्यक्तिगत श्रम स्वीकृतिमा बैदेशिक रोजगारीमा जाने श्रमिकले राहदानीको प्रतिलिपि, सम्बन्धित सरकारबाट जारी प्रवेशाज्ञाको प्रतिलिपि, रोजगार सेवा, शर्त, सुविधा र तलब (पारिश्रमिक) स्पष्ट उल्लेख भएको करार वा सम्झौतापत्रको प्रतिलिपि दूतावासमा पेस गर्नुपर्नेछ।

रोजगारदाताको इजाजत दर्ता प्रमाणपत्रको प्रतिलिपि वा स्पोन्सरको परिचयपत्रको प्रतिलिपि, रोजगारदाता कम्पनीको ट्रेड लाइसेन्सको प्रतिलिपि वा निजी कामदारको हकमा रोजगारदाताको राहदानी वा परिचयपत्रको प्रतिलिपि, संस्थामा जाने कामदारका हकमा कम्पनीको संक्षिप्त विवरण र गन्तव्य मुलुकको सरकारले रोजगारादता संस्थालाई वा स्पोन्सरलाई दिएको पत्र स्वीकृतिपत्र पेस गर्नुपर्ने विभागले जनाएको छ।

**संस्थागत श्रम स्वीकृति अनलाइनबाट मात्रै**


विभागले आगामी वैशाख २ गतेदेखि संस्थागत श्रम स्वीकृति (म्यानपावर कम्पनीमार्फत लिइने श्रम स्वीकृति) अनलाइन प्रणालीबाट मात्रै जारी गर्ने तयारी गरेको छ। श्रम स्वीकृतिलगायत वैदेशिक रोजगारसँग सम्बन्धित सेवालाई प्रविधिमैत्री बनाउँदै लैजाने रणनीतिअनुसार संस्थागत श्रम स्वीकृति अनलाइनबाट जारी गर्ने व्यवस्था मिलाइएको बिभागका महानिर्देशक शेषनारायण पौडेलले जानकारी दिनुभयो।

बिभागले गत माघ २ गतेदेखि पुन: श्रम स्वीकृति पनि अनलाइनबाट प्रदान गर्दै आएको छ। श्रम स्वीकृति अनलाइनबाट जारी हुन थालेसँगै वैदेशिक रोजगार कार्यालयमा हुने भीडभाड घटेको छ। अनलाइन प्रणालीले गर्दा सेवा प्रवाहमा व्यापक सुधार भएको विभागको दाबी छ।


## हार्दिक शुभकामना



नयाँ वर्ष २०७९ को सुखद अवसरमा सम्पूर्ण दातृ निकाय, कर्मचारी एवं जिल्लावासीमा सुख, शान्ति, सु-स्वास्थ्य तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।



**मिथिलेश कुमार यादव**
**कावा अध्यक्ष**
**सप्तरी सामुदायिक विकास केन्द्र, नेपाल, परिवार**


## पत्रकार महासंघका अध्यक्ष मण्डल माओवादी केन्द्रमा प्रवेश

**दैनिक समाचारदाता**
**महोत्तरी, ३० चैत।**

नेपाल पत्रकार महासंघ महोत्तरीका अध्यक्ष कमलेश मण्डल नेकपा माओवादी केन्द्रमा प्रवेश गरेका छन्। मण्डल नेपाल पत्रकार महासंघ महोत्तरीको दोस्रो कार्यकालका अध्यक्ष हुन्।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले मण्डललाई काठमाडौंमा पार्टी प्रवेश गराएका हुन्। धनुषाको मटिहानी नगरपालिकाको मेयर पदको उम्मेदबार बनाउने भएपछि उनी पार्टी प्रवेश गरेका हुन्। पार्टी प्रवेश गरेका मण्डलले आफू मटिहानीको मेयरमा उम्मेदबार बन्ने बताए।

उनी यसअघि नेपाली कांग्रेसको शुभेच्छुक संस्था नेपाल प्रेस यूनियनमा आबद्ध थिए। उनी नेवि संघबाट राजनीति यात्रा हुरु गर्दै पत्रकारिता पेशामा लागेका थिए। मटिहानी नगरपालिकाको अहिलेको मेयरमा पनि नेपाल पत्रकार महासंघ, महोत्तरी शाखाकै पूर्व अध्यक्ष हरि मण्डल छन्।

### *किर्ते गरी गोप्य ...*

निर्णय पुस्तिका समेत सार्वजनिक गरेका छन्।

पत्रकार सम्मेलनमा खडक नगरपालिकास्थित नमोबुध क्लबका मताधिकार प्राप्तकर्ता एवं फुटवलका प्रशिक्षक रमेश श्रेष्ठले आफ्नो पक्षमा निर्वाचन परिणाम ल्याउन संघका अध्यक्ष बस्नेतले बिपक्षमा देखिएका क्लबहरुको मताधिकार प्राप्त कर्ता ब्यक्तिहरुको नाम रातारात किर्ते गरी परिर्वतन गरेको दाबी गर्दै सोको उच्चस्तरीय छानवीन हुनु पर्ने माग गरे।

पत्रकार सम्मेलनमा हिमालय क्लबका उपसचिव शैलेन्द्र कुमार दास, प्रोग्रेसिभ युवा क्लबका उपाध्यक्ष एक्शन कुमार लेखी, श्री युवा खेलकुद मञ्चका अध्यक्ष ध्रुव नारायण चौधरी, हिरोज स्पोटिंग क्लबका सचिव चन्द्र किशोर चौधरी र क्रिएटिभ युवा क्लबका कोषाध्यक्ष हरीहर कुमार चौधरी लगायतले पनि बोल्दै संघको निर्वाचन रोकी निर्वाचन प्रक्रियाको सम्पुर्ण छानवीन र दोषीमाथी कारवाहीको माग गरेका छन्।

यता क्लवहरुका आरोपबारे जिज्ञासा राख्दा फुटवल संघका अध्यक्ष देवेन्द्रमान सिंह बस्नेतले सो आरोपहरु निराधार भएको र निर्वाचन प्रक्रिया विधी सम्मत ढंगले नै अघि बढाएको दाबी गरेका छन्।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुबैतर्फ लिपपोत गर्ने गरौं।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं।

**अनुरोधकर्ता - सडक नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कल्याणपुर, सप्तरी**



**डा. आदर्श कुमार सिंह**
**Dr. Adarsh Kumar Singh**
MBBS, MD TU
NMC Reg. No. : 9413
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), मुटु, दम एवम् श्वास प्रश्वास, पेट तथा कलेजो रोग मृगौला, छाती, थाइराइड सम्बन्धि रोग

**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
वरिष्ठ नवजात शिशु तथा बालरोग

**सम्पर्क : जयश्री कृष्ण फार्मेशी**
**गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी**
**Phone : 031-533774 / Mo. No : 9819721526, 9852820734**


## विश्व समाचार

### दुई तिहाइ सुडानी खाद्य असुरक्षाको समस्यामा

संयुक्त राष्ट्रसङ्घ, ३० चैत (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घले सुडानका कम्तीमा पनि दुई तिहाइ जनसङ्ख्या नै खाद्य असुरक्षामा पर्न लागेको जनाएको छ।

आगामी महिनामा यहाँका करिब ७७ लाख नागरिकले खाद्य असुरक्षा भोग्नसक्ने अनुमान संयुक्त राष्ट्रसङ्घले गरेको हो।

संयुक्त राष्ट्रसङ्घले मङ्गलबार सार्वजनिक गरेको तथ्याङ्कमा सो कुरा उल्लेख गरिएको छ। उक्त तथ्याङ्कका अनुसार यहाँका ७७ लाख मानिस खाद्य असुरक्षामा पर्ने र यो सङ्ख्या यहाँको जनसङ्ख्याका ६३ प्रतिशत हुन आउने पनि संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

संयुक्त राष्ट्रसङ्घीय मानवीय सहायतासम्बन्धी निकायले सुडानको यो समस्यालाई मनन गरेर विश्व समुदायसमक्ष सहयोगको अपिल पनि गरेको छ।

सुडानको अवस्था दिनप्रतिदिन दयनीय बन्दै गएकाले मानवीय सहायता उपलब्ध गराउनुपर्ने सो निकायले जनाएको छ।

यहाँ खडेरी, आन्तरिक द्वन्द्व तथा राजनीतिक सङ्कटका कारण केही वर्षदेखि अरु विविध समस्याका अतिरिक्त खाद्यान्नको पनि समस्या परिरहेको बताइएको छ।

### रुससँगको वार्तामा युक्रेनको अडान कायमै छ : युक्रेनी वार्ता टोलीका संयोजक

किभ, ३० चैत (रासस/सिन्ह्वा)।

रुसद्वारा युक्रेनमाथि भएको हमलाको विषयमा वार्ता गर्न गठित युक्रेनी वार्ता टोलीका संयोजकले युक्रेनले राखेका शर्तहरु कुनै पनि हालतमा परिवर्तन नहुने अडान राख्नुभएको छ।

उहाँले युक्रेनले रुससँग वार्ता गर्ने तर पनि आफूले यसअघि राख्दै आएका अडानहरुका बारेमा कुनै परिवर्तन नहुने बताउनुभएको हो।

रुससँगको वार्ताका लागि युक्रेनद्वछसरा गठित युक्रेनी वार्ता टोलीका संयोजक डेभिड अरखमानियाले सो धारणा राख्नुभएको हो।

उहाँले मङ्गलबार ट्वीट गर्दै भन्नुभएको छ- हामी स्तानबुलमा भएका सम्झौताहरुका बारेमा अडिग छौं र हामी त्यसमा कुनै परिवर्तन गर्ने पक्षमा छैनौं।

अहिले रुसका पक्षबाट विभिन्न शर्तहरु आएका र स्तानबुल सम्झौताको पनि अलग्गै व्याख्या गर्न खोजिएको पाइएकाले यदि त्यस्तो भयो भने त्यसले उक्त सम्झौतासमेत भङ्ग हुने त्रास रहेको पनि बताउनुभयो।

उहाँले युक्रेन पहिल्यैदेखि आफ्ना अडानहरुमा स्पष्ट रहेको र अहिले आएर ती सम्झौताहरुलाई फेरबदल गर्ने पक्षमा नरहेको पनि उहाँले बताउनुभएको छ।

### आक्रमणमा २३ को मृत्यु

लागोस, ३० चैत (रासस/सिन्ह्वा)।

मध्य नाइजेरियाली प्रान्त बन्यूमा हतियारधारीहरुले गरेको आक्रमणमा परी कम्तीमा पनि २३ जनाको ज्यान गएको छ।

उक्त प्रान्तको तारका नामक नगरमा हतियारधारीहरुले सो हमला गरेका थिए। उक्त हमलामा परेर ती नागरिकको ज्यान गएको अधिकारीहरुले जनाएका छन्।

अज्ञात हतियारधारीहरुले यस नगरका दुई फरक फरक समुदायका नागरिकमा हमला गरेका थिए। बेन्यू प्रान्तका प्रहरी प्रवक्ताले सो आक्रमणले यहाँका दुई फरक समुदायलाई तारो बनाएको बताए। त्यस क्रममा भएका आक्रमणमा परेर यहाँका स्थानीय गाउँलेको ज्यान गएको थियो।

सोमबार राति भएको सो आक्रमणको अनुसन्धान जारी रहेको प्रहरीले जनाएको छ। उक्त राज्यमा बिगत लामो समयदेखि बिभिन्न जातिका बीचमा हत्याको शृङ्खला नै चल्ने गरेको छ।

एकले अर्को जातिका मानिसमाथि यसरी साङ्घातिक हमला गर्ने र मानिसको ज्यान नै लिने गरेका समाचारहरु सो प्रान्तमा प्राय: आउने बताइएको छ।

### फिलिपिन्समा बाढी र पहिरोबाट ५८ को मृत्यु

बेबे, फिलिपिन्स, ३० चैत (रासस/एएफपी)।

फिलिपिन्समा बाढी र पहिरोबाट ज्यान गुमाउने व्यक्तिको सङ्ख्या ५८ पुगेको सरकारी अधिकारीहरुले बुधबार जनाएका छन्।

उद्धारकर्ताहरूले हिमपहिरोले प्रभावित क्षेत्रहरुमा थप शब निकालेका पनि ती अधिकारीहरुले थप जानकारी दिएका छन्।

'मेगी' नाम दिइएको यस शक्तिशाली आँधीका कारण लेयटको मध्य प्रान्तको बेबे सहर वरपरका गाउँहरूमा धेरै व्यक्तिको मृत्यु भएको समाचारमा जनाइएको छ।

# पुर्नयोगको नतिजामा काँग्रेस सप्तरीको उपसभापतिमा यादव निर्वाचित

**दैनिक समाचारदाता**
**राजविराज, ३० चैत ।**

नेपाली काँग्रेस सप्तरीको निर्वाचनमा उपसभापती पद जितेका राम प्रसाद मंडललाई केन्द्रिय निर्वाचन समितिले प्रतिद्वन्दी बनाएको छ ।

संस्थापन पक्षका मण्डलसंग ६ मतले पराजित भएका भनिएका निकटतम प्रतिद्वन्दी डा.शेखर कोईराला पक्षका राम कुमार यादव मतगणनामा धाँधली भएको भन्दै पार्टीको केन्द्रीय निर्वाचन समितीमा पुर्नयोगका लागी उजुरी दिएका थिए ।

यादवको उजुरी पछि छानवीन शुरु गरेका केन्द्रीय निर्वाचन समितीले मतगणनामा प्रयोग गरिएका रजिष्टर र मतगणना सिट जाँच गर्दा मण्डलको १ हजार ५२ र यादवको १ हजार ५३ मत देखीएको भन्दै यादव १ मतले बिजयी भएको ठहर गरेको छ ।

यादवलाई मंगलबार केन्द्रीय निर्वाचन समितीका सचिव केशव रिजालले निर्वाचित भएको प्रमाण पत्र उपलब्ध गराउदै यस अघि जिल्ला निर्वाचन कार्यालयको तर्फबाट मण्डललाई दिएको निर्वाचित भएको प्रमाण पत्र बदर भएको जानकारी सहितको पत्र समेत जिल्ला कार्य समितीलाई पठाएको छ ।

जिल्ला निर्वाचन अधिकृत डा.रुद्र शर्माले मण्डललाई उपसभापती पदमा निर्वाचित भएको प्रमाण पत्र दिएका थिए ।

केन्द्रीय निर्वाचन समितीले मण्डललाई १ मतले पराजित भएको घोषणा संगै पत्राचार गरेपछि उनी पदमुक्त हुने अवस्थामा पुगेका छन् । उपसभापतीमा निर्वाचितको प्रमाण पत्र लिएर बुधवार काठमाण्डौंबाट गृह जिल्ला सप्तरी आईपुगेका यादवले आफु माथी केन्द्रीय निर्वाचन समीतीले न्याय गरेको बताए ।

उनले जिल्ला निर्वाचन समितीले गरेको त्रुटी सच्याएर केन्द्रीय निर्वाचन समीतले आफुलाई न्याय गरेको बताए । यता ६ मतले जितेर निर्वाचीत भएको प्रमाण. पत्र समेत लिएर कार्यभार सम्हालेको महिना दिन नपुग्दै १ मतले पराजित भएको भनी केन्द्रीय निर्वाचन समितीको सचिवले गरेको निर्णयले आफूलाई चकित र दुखी तुल्याएको मण्डलको भनाई छ । उनले मतगणना पछि जिल्लामै सुरक्षित राखिएको मतपत्रको पुन:जाँच गर्न चुनौती समेत दिएका छन् ।

उनले निर्वाचन समिती भन्दा पार्टीको केन्द्रीय समिती माथी रहेकाले पार्टीले दिने निर्देशनको आफुले पालना गर्ने प्रतिबद्धता समेत जनाए । संस्थापन इतर पक्षका निर्वाचित सभापती रामदेव साहले माथिल्लो निकायले गरेको निर्णय सबैले मान्नु पर्ने तर्क गर्छन ।

यद्धपी उनले पार्टी केन्द्रीय समितीले यस विषयमा दिने निर्देशनको आफु पालना गरेर अघि बढ्ने बताउँछन । अर्को तिर संस्थापन पक्षका नेताहरु भने पछिल्लो पटक केन्द्रिय निर्वाचन समितीले पठाएको निर्णय कुनै पनि हालतमा स्विकार्य नभएको बताएका छन् ।

## ज्यान सम्बन्धी कसुरमा तीन पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ३० चैत ।**

सप्तरीको रुपनी गाउँपालिका वडा नं. ५ स्थितमा रहेको समर्थ सिंहको पोखरीमा चैत ७ गते फेला परेको २५ वर्षिय अंसारुल मियाँको लास सम्बन्धमा प्रहरीले तीन जनलाई पक्राउ गरेको छ ।

सो घटनामा संलग्न भएको भन्दै मृतकका बुबा ताहिर मियाँले दिएको किटानी जाहेरीको आधारमा स्थानिय २१ वर्षिय राम प्रवेश खंग, २० वर्षिय दिपक कुमार खंग र २१ वर्षिय लालु भन्ने जयराम खंगलाई पैहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका अनुसार पक्राउ परेकाहरुमाथी अनुसन्धान तथा घटना बारे बिस्तृत अनुसन्धान भइरहेको छ ।


## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को सुखद
अवसरमा सम्पूर्ण
जिल्लावासीमा सुख, शान्ति,
सु-स्वास्थ्य तथा प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

**रामदेव साह**
सभापति
नेपाली काँग्रेस, सप्तरी
जिल्ला कार्य समिति, परिवार



**हावाहुरीबाट बचौं र बचाऔं ।**

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतमा गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को सुखद
अवसरमा सम्पूर्ण शेयर सदस्य,
ग्राहक, शुभचिन्तक एवं
जिल्लावासीमा सुख, शान्ति, सु-
स्वास्थ्य तथा प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त
गर्दछौं ।

**सचिन्द्र दास**
अध्यक्ष एवं
जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि.
राजविराज, परिवार



## हार्दिक शुभकामना

नयाँ वर्ष २०७९ को सुखद
अवसरमा सम्पूर्ण शेयर सदस्य,
ग्राहक, शुभचिन्तक एवं
जिल्लावासीमा सुख, शान्ति, सु-
स्वास्थ्य तथा प्रगतिको हार्दिक
मंगलमय शुभकामना व्यक्त
गर्दछौं ।

**शत्रुधन प्रसाद गुप्ता**
अध्यक्ष एवं
नेपाल सहकारी संस्था लि.
राजविराज, परिवार



## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

जनज्योति कृषि सहकारी संस्था लि. स्था.-२०६८ मलेठ, सप्तरी

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**



देश विदेशबाट पठाइएको रकम
तुरुन्त भुक्तानी लिनका लागि
सम्झनुहोस् । हाम्रो सेवाहरु

iPay remit
City Express Money Transfer — Money Transfer Made Easy
Best Remit — Quick & Easy
Prabhu Money Transfer — प्रभुको इच्छा — रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME — International Money Express
himal remit — हिमालरेमिट
CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*